नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय

# प्रेश विज्ञप्ति

पशुपन्छी क्षेत्रको योगदान राष्ट्रीय अर्थतन्त्रमा विशेष महत्वको रहेको छ । केही वर्षहरुदेखि यो क्षेत्रको व्यावसायिकरणमा उल्लेखनीय प्रगति भएको साथै यो क्षेत्रले सामान्य कृषकको जिविकोपार्जनमा समेत उल्लेखनीय भूमिका निर्वाह गरेको छ । तर यो क्षेत्रले थुप्रै चुनौतिहरु समेत सामना गर्नुपरेको अवस्था छ । हालैका दिनहरुमा देशका विभिन्न क्षेत्रमा परेको अविरल वर्षा, ठुलो क्षेत्रको डुबान, बाढी, पैह्रो लगायतका प्राकृतिक विपत्तिको कारण पशुपन्छी गोठ, खोर, पशु आहारा, पशुपन्छी उद्योग, पशुपन्छीजन्य उत्पादन लगायतका पशुधनमा ठुलो क्षति पुगेको छ । २०७४ भाद्र २ गते विहान १० बजेसम्म प्राप्त विवरण अनुसार विभिन्न पशुधनको मृत्यु तथा पशुजन्य सामाग्रीको नष्ट भई अनुमानित रु १ अर्ब ३७ करोड ७८ लाखको क्षति भएको विवरण प्राप्त भएको छ । यसै गरी पशुजन्य उत्पादन तर्फ रु २ अर्ब ५० करोड १० लाख प्रत्यक्ष क्षति भई जम्मा ***रु ३ अर्ब ८७ करोड ८८ लाख प्रत्यक्ष क्षति*** भएको अनुमान छ । साथै विभिन्न पशुजन्य उत्पादनमा पर्ने असरलाई अनुमान गर्दा अनुमानित क्षति रु ***६ अर्ब ३० करोड*** बराबरको क्षति अप्रत्यक्ष रुपमा भएको छ । यस प्रकार प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भएको क्षतिको प्रारम्भिक आकलन गर्दा जम्मा रु **१० अर्ब १७ करोड ८८ लाख** क्षति भएको अनुमान गरीएको छ ।

*पशुपन्छी विकास मन्त्रालयले बाढि र पहिरोबाट पशुपालक कृषकहरुमा परेको समस्याको समस्या तत्काल सम्बोधन गर्न तथा उद्धार राहतका कार्य सञ्चालन गर्नको लागी विभिन्न प्रयासहरु गरेको छ । सो को विस्तृत विवरण यसैसाथ संलग्न छ ।*

आर्थिक वर्ष २०७३।७४ को पशुपन्छी विकासका कार्यक्रमहरु सम्पन्न भई विभिन्न उपलब्धीहरु हासिल भएका छन् । समग्रमा पशुपन्छी विकास मन्त्रालय अन्तरगत विभिन्न १८ वटा उपशीर्षकमा सञ्चालन भएका कार्यक्रमहरु तर्फ रु ८ अर्ब ४६ करोड विनियोजन भएकोमा कुल भारित प्रगति ९२ प्रतिशत र वित्तीय प्रगति ८३ प्रतिशत (चालु खर्चः ८५ र पुंजिगत खर्च ७८ प्रतिशत) रहेको छ । यी सम्पूर्ण कार्यक्रमहरुबाट दुध उत्पादन १९ लाख ११ हजार मे टन, मासु ३ लाख ३२ हजार मे टन र अण्डा १३५ करोड उत्पादन भएको प्रारम्भिक अनुमान छ । यस तथ्यांकलाई प्रशोधन र पुनर्पुष्ट्री गरी अन्तिम तथ्यांक अर्को पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरिनेछ ।

चालु आ व २०७४।७५ को पशुपन्छी तर्फको कार्यक्रम तर्जुमा, स्वीकृति भई सञ्चालन समेत शुरु भइसकेको अवस्था छ । यस मन्त्रालयलाई राष्ट्रिय योजना आयोगबाट ९ अर्ब ६८ करोड ५० लाख सिलिङ्ग प्राप्त भई ९ अर्व ५४ करोड ५९ लाख १५ हजारको बजेट अर्थ मन्त्रालयबाट स्वीकृत भएको थियो । साविकको जिल्ला पशु सेवा कार्यालयहरुबाट सञ्चालन हुने निक्षेपित पशु सेवा प्रसार कार्यक्रम, कर्णाली अञ्चल विशेष पशुविकास कार्यक्रम र केन्द्रबाट जिल्लामा अख्तियारी दिई संचालन हुने कार्यक्रमहरुको बजेट ७४४ वटा स्थानिय तहमा रु ३ अर्ब ४१ करोड ११ लाख ७७ हजार

अर्थ मन्त्रालय मार्फत वित्तिय समानिकरण शिर्षकमा विनियोजन भएको अवस्था छ । १५०० जना एक गाँउ एक पशु सेवा प्राविधिकहरुको उपभोग खर्च सशर्त अनुदानमा स्थानिय तहमा पठाइएको छ ।

सो स्थानीय तहका विनियोजित बजेटबाट सञ्चालन गर्ने गरी तयार गरिएका मुख्य कार्यक्रमहरु निम्न छन्

- **नेपाल एकिकृत व्यापार रणनीति**
- **वंगुर कुखुरा सहकारी कार्यक्रम**
- **पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम**
  - पशु स्वास्थ्य नियमन कार्यक्रम
- **पशु आहारा सेवा कार्यक्रम**
  - एक स्थानीय निकाय एक घाँसेवाली श्रोत केन्द्र स्थापना कार्यक्रम
  - उच्च पहाडी भेगमा चरन विकास र पशुपंछी व्यवसाय प्रवर्द्धन
  - कबुलियती वन तथा पशु विकास कार्यक्रम
  - पशु आहारा राष्ट्रिय अभियान
- **पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम**
  - साना डेरी प्रवर्द्धन कार्यक्रम
  - मासुजन्य उद्योग प्रवर्द्धन कार्यक्रम
  - मासु हाट बजार स्थापना र पशु बधशाला स्थापना
  - मिल्क बार स्थापना
  - दुध चिस्यान केन्द्र स्थापना
- **पशु विकास सेवा कार्यक्रम**
  - युवा लक्षित (गाई, भैसी, बाख्रा र वंगुर)
  - पशु आहारा सुत्केरी भत्ता कार्यक्रम
  - गाईभैसीको बृहत श्रोत केन्द्र स्थापना
  - मध्यपहाडी लोकमार्ग तथा हुलाकीमार्ग लक्षित दुध उत्पादन कार्यक्रम
  - आ.ब.०७३/७४ मा संचालित गाईभैंसी श्रोतकेन्द्रमा सम्झौता भई प्राप्त हुने उन्नत पाडी/बाच्छीहरु खरिद तथा वितरण
  - उत्पादनशील बकेर्नो भैंसी संरक्षण कार्यक्रम
  - AI Mission कार्यक्रम, Goat Mission कार्यक्रम
  - पिग एण्ड पोर्क सुधार कार्यक्रम
  - बाख्रा श्रोत विकास कार्यक्रम
  - अण्डामा आत्मनिर्भर तथा पारिवारिक स्तरमा पोषण सुरक्षा कार्यक्रम
  - महिला तथा सिमान्तकृत लक्षित कार्यक्रम
  - एकल महिला लक्षित कार्यक्रम
  - सहकार्यमा पशु कल्याण कार्यक्रम

मितिः २०७४।५।२

श्यामप्रसाद पौडेल
प्रवक्ता एवं सहसचिव
पशुपन्छी विकास मन्त्रालय